**Ganeshman Darpan**
ISSN: 2091-2404
Volume: 7, Issue: 1

# गुठी परम्परामाथि गम्भीर प्रहार

**सुरेश सुवेदी** [12]

[12] Lecturer, Ganeshman Singh Multiple Campus, Kalanki, Kathmandu, Nepal

**ARTICLE INFO**

Received: September 4, 2022
Revised: December 2, 2022
Accepted: December 17, 2022

**CORRESPONDANCE**
**सुरेश सुवेदी**

Lecturer, Ganeshman Singh Multiple Campus, Kalanki, Kathmandu, Nepal

Email: sureshnews6@gmail.com

**सारसङ्क्षेप:** स्पष्ट नीति, सोचको अभावमा भूमिप्रति बद्नियत राख्नेहरु नै हावी भएको देखिन्छ । संस्थानले वर्षौं अघि तयार पारिएको तथ्यांक सार्वजनिक गरे पनि आफ्नो कुल सम्पत्ति बारे अद्यावधिक हुन सकेको देखिदैन । पूर्ण जानकारी दिनबाट संस्थान नै वञ्चित छ । अझ आर्थिक वर्ष २०५६/०५७ देखि त अद्यावधिकसमेत नगरिनाले सम्पत्तिसम्बन्धी गन्जागोल अवस्था थपिएको छ । गुठी संस्थानको स्वमित्वमा रहेको ५ लाख ६१ हजार रोपनी भन्दा बढी जमीन सबै खेती योग्य तथा शहरी क्षेत्रमा रहेका मूल्यवान छन् । मूल्यवान भएकै कारण नै गुठीका जमीन जोगाउन कठिन भैरहेको देखिन्छ ।

**शब्दकुञ्जी** : *गुठी, धर्मशाला, ऐतिहासिक, नागरिक, सम्पत्ति*

## परिभाषा

गुठी संस्कृतको गोष्ठी शब्दबाट ल्याइएको हो । गुठी शब्दलाई समूह समुदाय वा समाज भनेर पनि बुझाएको पाइन्छ । सामूहिक रुपमा धार्मिक सामाजिक उद्देश्य पुरा गर्नको लागि अथवा यसलाई निरन्तरता दिनका लागि गुठी बनेका हुन् । Trusts of Land and Appointment of Trustees Act 1996 मा यस प्रकार उल्लेख गरिएको छ । A trustee can be a natural person, a business entity or a public body. A trust in the United States may be subject to federal and state taxation.

नेपालमा दिवानी संहित २०७४को दफा अनुसार ३१४मा गुठी स्थापना भएको मानिने व्याख्या गरेको छ । कसैले आफ्नो हक, भोग र स्वामित्वको सम्पत्ति हितग्राहीको लागि अरु कसैबाट सञ्चालन र व्यवस्थापन गर्ने गरी आवश्यक बन्दोबस्त गरेकोमा गुठी स्थापना भएको मानिनेछ ।

हाम्रा पूर्वजहरुले मठ-मन्दिर, धर्मशाला, पाटी-पौवा, बाटो -घाट, हिटी, धारा, कुवा, स्थापना गरी पर्व पूजा जात्रा आदिको व्यवस्था गर्न सहज होस भन्ने उद्देश्यले संरक्षण गरिदिएको संपदा नै गुठी हो । तीर्थयात्री, जोगी, सन्यासी आदिलाई सदावर्तका साथै गरीव-गुरुवालाई सीधा हण्डी र सार्वजनिक अस्पताल, विद्यालय आदि परोपकारी र सामाजिक कार्यको सञ्चालनार्थ आफ्नो जीवनभरको कमाईबाट चल अचल सम्पत्ति

सर्मपण भावले छुट्याई राखी दिएका छन् । दाताले छुट्टयाई राखेका ती चल-अचल सम्पत्तिलाई  नै गुठीका रुपमा बुझिन्छ ।

*ऐतिहासिक पृष्ठभूमि:* विसं ५१७ भन्दापनि पहिलेको शिलालेखबाट गुठीको विकास भएको देखिन्छ । यसले यसको ऐतिहासिकतालाई दर्शाउँछ । चावहिलको बुद्ध चैत्यमा लेखेको शिलालेखले गुठीको इतिहास बताउँछ । यो शिलालेख १ हजार ५ सय बर्ष पुरानो भएको उल्लेख छ । ३ केही मान्छे जम्मा भएर समाजको क्रियाकलाप संयुक्त रुपले गर्ने, यसलाई निरन्तरता दिने भनेर गुठीहरु बने र काम गर्न थाले । यस्तो कार्य गर्न केही धनराशी चाहिने हुन्छ । धनराशी चाहिँ जग्गा जमीनसंग जोडिएको हुन्छ । त्यसपछि जग्गा जमिन गुठीमा राखिने परम्परा शुरु भयो । अनी क्रमश जग्गाको आयस्थाबाट मन्दिरको जिर्णेद्धार गर्ने, पूजा गर्ने प्रचलन गरियो । अहिले पनि कतिपय मन्दिरमा गुठी कै आयस्थाबाट पूजा हुन्छ । यो प्रक्रिया लामो समयदेखि चल्दै आएको छ ।

यसै गरी, विश्व सन्दर्भमा पनि १२ औं शताब्दीबाट भएको उल्लेख छ । तर कानूनी र बैधानिक हैसियत भने  वि.सं.२००७ साल अघिसम्म राजगुठी अन्तरगतका अमानतमा संचालित गुठीको बन्दोवस्त गुठी बन्दोवस्त अड्डाबाट हुने र छुट गुठीहरुको बन्दोवस्त तथा संचालन लिखत परम्परा बमोजिम छुट गुठीका गुठीयारहरुबाट हुँदै आएको पाइन्छ ।

*विश्व सन्दर्भमा गुठीको प्रसंग*

इशाको १२ औं शताब्दी तिर पश्चिमका देशहरुमा गुठी प्रणाली जस्तै परम्परा प्रारम्भ भएको पाइन्छ । इग्ल्याण्डका क्रुसाडेसले आफुले युद्धमार्फत प्राप्त जमीनलाई संरक्षण गर्ने उपाय स्वरुप यो प्रणालीको विकास भएको पाइन्छ । English common law system अर्न्तगत Personal trust law developed in England at the time of the Crusades, during the 12th and 13th centuries.

तर मध्ययुगीन समयमा अर्कै नाम र रुपमा हुने गरेको पाइन्छ । In medieval English trust law, the settlor was known as the feoffor to uses while the trustee was known as the feoffee to uses and the beneficiary was known as the cestui que use, or cestui que trust. उक्त कालखण्डको गुठीलाई सामन्तवादी प्रणालीका रुपमा अर्थाउँदै यसलाई धेरै जमीन भएकाहरुले नाम र संमानका लागि गरिएको प्रणालीका रुपमा यसलाई लिने गरेका छन् ।

यस्तै, कमन ल प्रणालीअन्तरगत देशहरुमा पनि गुठी प्रणाली जस्तै परम्परा पाइन्छ । १२ औं शताब्दी देखि नै वेलायत र इग्ल्याण्डमा ट्रष्टिका नाममा भएको पाइन्छ . Trusts of Land and Appointment of Trustees Act 1996 को प्रस्तावनामा यस बारे उल्लेख गरिएको छ । A trust is created by a settlor, who transfers title to some or all of his or her property to a trustee, who then holds title to that property in trust for the benefit of the beneficiariesn. इग्ल्याण्डमा ट्रष्टिको व्यावस्था एक संझौताका रुपमा भएको देखिन्छ । लेखक Vepa P. Sarathi को निर्ष्कष छ,  The trust is governed by the terms under which it was created. In most jurisdictions, this requires a contractual trust agreement or deed.

अन्य कानूनले पनि गुठीको स्वामित्व तथा भूमिका एक व्यक्तिमा रहन नसक्ने परिकल्पना गरेको छ । १२ औं शताब्दीमा बेलायत र इल्याण्डमा ट्रष्टिका नाममा भएको पाइन्छ । सबै पक्षलाई समान रुपले लाभग्राहीको रुपमा रहन सक्ने प्रावधान हुनेछ । It is possible for a single individual to assume the role of more than one of these parties, and for multiple individuals to share a single role.

गुठी प्रणाली जस्तै परम्परा गुठीयार र गुठीको जिम्मा लिने दुवै समान रुपले लाभग्राहीको रुपमा रहन सक्ने प्रावधान हुनेछ । गुठीयार मोही बीच स्वार्थको लडाँइ देखिएमा त्यस्ता कानूनी निकाय तथा संयन्त्रको व्यावस्था भएको उल्लेख छ । Law of Property Act 1925 (c 20) मा उल्लेख गरिएको छ, It forms part of an interrelated programme of legislation introduced by Lord Chancellor Lord Birkenhead between 1922 and 1925. The programme was intended to modernise the English law of real property. The Act deals principally with the transfer of freehold or leasehold land by deed.

*नेपालमा गुठी परम्पराको पृष्ठभूमि*

काठमाडौं उपत्यकामा शासन गर्ने लिच्छवी कालिन समय बाट नै शुरु भएको मानिन्छन् । उनीहरुको सामाजिक कार्य सम्पादन गर्ने पाञ्चाली हुन्थे या त गोष्ठी हुन्थे । समान धर्म विचार, जातिको समूह गोष्ठी हुन्थ्यो, भने समान धर्म जाति नभएका व्यक्ति पनि समावेश हुने स्वायत्त शासनको इकाई पाञ्चाली हुन्थे र सामाजिक कार्य क्षेत्रभित्र पर्ने काममा अर्पण गरिएका जग्गाको व्यवस्था पाञ्चालीबाट हुने गर्थ्यो ।

पर्यटकिय महत्व समेत बोकेका राष्ट्रिय मठ, मन्दिर एवम् जात्रा, यात्रा, पर्व, नाच-गान, भजन आदि नै नेपालको छुट्टै चिनारी झल्काउने सांस्कृतिक धरोहर हुन् । गुठी कुनै पनि जाति, समाज र सिङ्गो राष्ट्रको स्वतन्त्र अस्तित्वको पहिचान गराउने निधि हुन् । यो धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक सम्पदा नै हो । यिनै सम्पदा राष्ट्रको गौरव हुन् राष्ट्रिय पर्यटन व्यवसायको आधार स्तम्भ हुन् । यिनीहरुलाई बचाउने, बचाई राख्ने कार्यमा खलल पुग्न गयो भने हाम्रो संस्कृति लोप हुन जाने हुन्छ । संस्कृति एक पटक लोप हुन पुग्यो भने यसको पुनःप्राप्ति असम्भव छ भन्ने पवित्र आशयले गुठी संरक्षणको मर्म रहेको छ ।

*गुठीको प्रकार*

गुठी भन्ना साथै साधारण मानिसहरुमा केही भ्रमपूर्ण धारणा पनि छ । यसलाई पुरानो रुढिवादी परम्मपरा सोच्नेहरु पनि छन् । तर त्यो सोच्नु गलत हुन्छ । गुठी भनेको समाजिक कार्य गर्न बनेको संस्था हो, जस्तै राजकुलो सफा गर्न पर्यो कसले गर्ने ? मान्छे कामदेखि पन्छिन खोज्ला तर गुठी ले यो दिन चै सफा गर्ने भनेपछि सबै जान्छन् भन्ने मान्यताको विकास भयो । लामो समयदेखि यही चलन चलिनै आएको छ ।

अर्को भ्रम भनेको केही मान्छेहरु गुठी भनेको नेवारहरुको मात्र हो भन्ने ठानिन्छ । गुठी त्यस्तो नेवारहरुको मात्र हैन । अरु समुदाय भन्दा नेवार समुदाय यसमा बढी देखिएका हुन् । गुठी नेवार समुदायमा फैलिएको चै हो । तर यो नेवार समुदायको मात्र होइन । नेवार समुदाय शहरमा बस्ने भयो, यहाँ ठूलो सभ्यताको

विकास भयो त्यै कारण यहाँ प्रसस्त गुठी विस्तार भए । काठमाडौं मात्र हैन जनकपुरमा पनि गुठी छन् । पहाडतिर पनि गुठी छन् । ठूलो मात्रामा र विभिन्न प्रकारका गुठी भने उपत्यकामा नै छन् ।

नेवार समुदायको जीवनमा गुठीको एकदम ठूलो महत्व छ । गुठीको सबभन्दा ठूलो कुरो के भने यो समुदायलाई कुनै उद्देश्यको लागि एकीकृत गर्छ । आफ्नो रितिरिवाज अथवा सामाजिक कामलाई निरन्तरता दिन्छ । विभिन्न कानूनी दस्तावेजहरुको अध्यायन गर्दा गुठी सामान्यतः २ किसिमका भएको देखिन्छन ।

(क) निजी गुठी

(ख) राजगुठी

निजी गुठी सर्वसाधारण नागरिकले स्थापना गरेको गुठीलाई भनिन्छ भने पूर्व राजा र सत्तामा भएका राणाहरुले सरकारी प्रकृतिको जग्गाबाट स्थापना गरेको गुठी राजगुठी हो । निजी गुठीको संचालन गुठी स्थापना गर्ने गुठीयार वा निजको प्रतिनिधीले गुठी स्थापनाको लिखत अनुसार गर्छन भने राजगुठीको संचालन गुठी संस्थानले गर्ने गराउने गर्छ ।

*नेपालमा गुठी व्यावस्थापनको ऐतिहासिक प्रसंग*

काठमाडौं उपत्यकामा शासन गर्ने लिच्छवीहरु गणतन्त्र प्रणालीका अनुयायी मानिन्छन् । उनीहरुको सामाजिक कार्य सम्पादन गर्ने पाञ्चाली हुन्थे या त गोष्ठी हुन्थे । समान धर्म विचार, जातिको समूह गोष्ठी हुन्थ्यो, भने समान धर्म जाति नभएका व्यक्ति पनि समावेश हुने स्वायत्त शासनको इकाई पाञ्चाली हुन्थे र सामाजिक कार्य क्षेत्रभित्र पर्ने काममा अर्पण गरिएका जग्गाको व्यवस्था पाञ्चालीबाट हुने गर्थ्यो ।

वि.सं.२००७ साल अघिसम्म राजगुठी अन्तरगतका अमानतमा संचालित गुठीको बन्दोवस्त गुठी बन्दोवस्त अड्डाबाट हुने र छुट गुठीहरुको बन्दोवस्त तथा संचालन लिखत परम्परा बमोजिम छुट गुठीका गुठीयारहरुबाट हुँदै आएको पाइन्छ । २००७ सालमा प्रजातन्त्रको स्थापना पछि गुठीको बन्दोबस्त अर्थ मन्त्रालयवाट हुने व्यवस्था भएको थियो । केन्द्रीयस्तरको कार्य गुठी बन्दोबस्त अड्डाबाट भई रहेकोमा वि.सं.२०१८ सालमा गुठी बन्दोवस्त अड्डाको पुनर्गठन भयो । गुठीको रकम असूल गर्न र खर्च गर्न गुठी तहसिल र गुठी खर्च अड्डा भन्ने नामले मालपोत विभाग अन्तरगत रहेको पाइन्छ ।

*गुठीको जग्गा*

अहिले पनि जात्रा परम्परालाई निरन्तरता दिन, जात्रा मनाउन, विभिन्न पर्व मनाउन गुठीको आयस्रोत खर्च हुने गरेको छ । जस्तो मछिन्द्रनाथको जात्रा होस् या अरु । पाटनमा श्रेष्ठ समाज भन्ने गुठी छ उहाँहरुको ब्राह्मणलाई भोजन खुवाउने चलन छ । यस्तो चलन गुठीहरुले पहिल्यैदेखि गर्दै आएका छन् । उहाँहरुको गुठीको आयस्थाबाट नै यस्तो भोज खुवाइन्छ ।

नेपालमा राजगुठीको संख्या २०८२ छ । त्यसैगरी अमानत गुठीको संख्या १०५० छ भने छुट गुठी १०३२ र गुठीसम्बन्धी लालमोहरको संख्या ३००५ छ ।  यसैगरी उपत्यकामा अमानत गुठी काठमाडौं, भक्तपुर र ललितपुरमा क्रमशः ३९३, ८६, ७८ छ भने छुट गुठी २५८, २१५ र ८३ छन् । यी सबै गुढीमा  मुद्रा अभावका कारण जग्गा जमीन नै राखिने गरिएको थियो । यसर्थ, पनि गुठीका नाममा जमीन धेरै देखिन आएको भनाइ पनि रहेको पाइन्छ ।

राजगुठीअन्तर्गत मठ मन्दिर ७ सय १७ छन् । भने पाटी, पौवा र सत्तल ६ सय ४७ छन् । साथै १ सय ५९ पोखरीहरु पनि संस्थानअन्तर्गत छन् । यसको मर्मत संभार र जात्रा पर्व सञ्चालनका लागि देशभरि ५ लाख ६१ हजार ९ सय ९० रोपनी जग्गा भएको गुठी संस्थानको प्रकाशन गुठी दर्शनमा उल्लेख छ । तर अनौपचारिक रुपमा गुठीका जग्गा अझै पनि संकलन यसैगरी, गुठी रैतान नम्बरीमा परिणत भएको जग्गा १ हजार २ सय ५० विगाहा जग्गाबापत प्राप्त रकम २१ करोड ०६ लाख ९८ हजार ६ सय १७ रुपैया छ बजार मूल्यसँग तुलना गर्दा अत्यन्त कम देखिन्छ ।

लागत संकलन हुन नसकेका जग्गा दैलखको नारायण नगरपालिका र दुल्लु नगरपालिकामा अधिकांश आवासिय क्षेत्र गुठीकै जग्गामा रहेको उल्लेख छ । त्यसैगरी, स्वर्गद्वारी मन्दिरको नाममा दाङ धेरै मात्रामा जग्गा रहेको र सिन्धुपाल्चोक तथा काभ्रेमा पनि संकलन हुन बाँकी प्रशस्त जग्गा भएको अनुमान गुठी संस्थानको छ ।

*गुठी सम्बन्धी भ्रम*

गुठी भन्ना साथै साधारण मानिसहरुमा केही भ्रमपूर्ण धारणा पनि छ । यसलाई पुरानो रुढिवादी परम्परा सोच्नेहरु पनि छन् । तर त्यो सोच्नु गलत हुन्छ । गुठी भनेको समाजिक कार्य गर्न बनेको संस्था हो, जस्तै राजकुलो सफा गर्नपर्यो कसले गर्ने ? मान्छे कामदेखि पन्छिन खोज्ला तर गुठी ले यो दिन चै सफा गर्ने भनेपछि सबै जान्छन् नी त । यो लामो समयदेखि चलिनै आएको छ ।

अर्को भ्रम भनेको केही मान्छेहरु गुठी भनेको नेवारहरुको मात्र हो भन्छन् । गुठी त्यस्तो नेवारहरुको मात्र हैन । अरु समुदाय भन्दा नेवार समुदाय यसमा बढी देखिएका हुन् । गुठी नेवार समुदायमा फैलिएको चै हो । तर यो नेवार समुदायको मात्र होइन । नेवार समुदाय शहरमा बस्ने भयो, यहाँ ठूलो सभ्यताको विकास भयो त्यै कारण यहाँ प्रसस्त गुठी विस्तार भए । काठमाडौं मात्र हैन जनकपुरमा पनि गुठी छन् । पहाडतिर पनि गुठी छन् । ठूलो मात्रामा र विभिन्न प्रकारका गुठी भने उपत्यकामा नै छन् । नेवार समुदायको जीवनमा गुठीको एकदम ठूलो महत्व छ। गुठीको सबभन्दा ठूलो कुरो के भने यो समुदायलाई कुनै उद्देश्यको लागि एकीकृत गर्छ । आफ्नो रितिरिवाज अथवा सामाजिक कामलाई निरन्तरता दिन्छ ।

*गुठी जग्गाको प्रकार*

नापी विभागबमोजिम राजगुठीअन्तरगत मात्रै दर्ता गरिएको गुठी अधिनस्त अन्तरग पहाडमा २ लाख १ हजार ५ सय ४३ रोपनी र तराईमा २ हजार २ सय ८७ विगाहा रहेको छ । यस्तै, रैतान नम्बरी जग्गा तराइतर्फ ६२ हजार २ सय ५६ विगाहा र पहाड तथा काठमाण्डौं उपत्यकाअन्तरगत ३ लाख १५ हजार ४ सय ७२ रोपनी देखिन्छ । त्यसबाहेक पनि गुठी अधिनस्थ, गुठी तैनाथी, मठ मन्दिर, पाटी, पौवा, सत्तल तथा पोखरीका नाममा दशौं हजार विगाहा जग्गा रहेको छ। विभिन्न कानूनी दस्तावेजहरुको अध्यायन गर्दा गुठी सामान्यतः २ किसिमका भएको देखिन्छन । (२) निजी गुठी (२) राजगुठी रहेको छ ।

निजी गुठी सर्वसाधारण नागरिकले स्थापना गरेको गुठीलाई भनिन्छ भने पूर्व राजा र सत्तामा भएका राणाहरुले सरकारी प्रकृतिको जग्गाबाट स्थापना गरेको गुठी राजगुठी हो । निजी गुठीको संचालन गुठी

स्थापना गर्ने गुठीयार वा निजको प्रतिनिधीले गुठी स्थापनाको लिखत अनुसार गर्छन भने राजगुठीको संचालन गुठी संस्थानले गर्ने गराउने गर्छ ।

यस बाहेक "छुट गुठी" लाई समेत गुठीको एक प्रकार अन्तर्गत राखेको पाइन्छ तर यसको प्रकृति हेर्दा यो राजगुठीकै एक शाखा रुपमा रहेको पाइन्छ । स्वामित्व भोग तिरो आयस्ता आदिको आधारमा गुठीको जग्गालाई विभिन्न प्रकारमा बाड्न सकिन्छ । जस अनुसार निजी गुठीको जग्गा एकै प्रकृतिमा पर्छन भने राजगुठीका जग्गा निम्न प्रकारका हुन्छन :

(क) *गुठी रैतान नम्बरी जग्गा* :- सरकारको साटो गुठी संस्थानले जग्गाको मालपोत उठाउन पाउने जग्गा यो प्रकारमा पर्छ । यसमा जोतहाको हक रैकर जग्गाको जग्गाधनी सरह हुन्छ र उसले जग्गा खरिद बिक्री गर्न पाउँछ । यस्तो जग्गा पहाडमा ३ लाख १५ हजार ४ सय ७२ रोपनी छ भने मधेसमा ६२ हजार २ सय ५६ बिगाहा छ ।

(ख) *गुठी नम्बरी जग्गा* :- गुठी संस्थानले दर्तावाल जग्गाधनीको हैसियतले सरकारलाई मालपोत

(कर) बुझाउनु पर्ने जग्गा गुठी नम्बरी जग्गा हो । यसमा स्थायी मोही हुन सक्छ तर उसले आफ्नो घर बाहेकको जग्गा खरिद बिक्री गर्न पाउँदैन ।

(ग) गुठी तैनाथी जग्गाः- कुनै पनि व्यक्ति मोही हुन नसक्ने र गुठी संस्थानको पूर्ण स्वामित्व र भोगको जग्गा गुठी तैनाथी जग्गा हो । यो जग्गामा गुठी संस्थानले आफै वा बोलकवोलबाट अरु मार्फत खेती लगाउँछ । यस्तो जग्गा पहाडमा २ हजार ५ सय २१ रोपनी र तराईमा २ हजार १ सय १३ विगाहा छ ।

(घ) *गुठी अधिनस्थ जग्गाः*- गुठी संस्थानको नाममा दर्ता नभई सर्वसाधारणको नाउँमा दर्ता भएको जग्गा तर ति सर्वसाधारणले गुठी संस्थानलाई वार्षिक रुपमा निश्चित वाली (कुत) बुझाउनु पर्ने जग्गा गुठी अधिनस्थ जग्गा कहलाउँछ । यस्तो जग्गा खरिद बिक्री गर्न पाइन्छ र पोत सरकारलाई बुझाउनु पर्छ । यस्तो जग्गा पहाडमा २ लाख १ हजार ५ सय ४३ रोपनी र तराईमा २ हजार २ सय ८७ विगाहा छ ।

(ङ) *गुठी जिमिदारी जग्गा* :- जिमिदारी अन्तर्गत २ किसिमका जग्गा हुन्थे "एउटा शिर वा जीरायत" र अर्को "रैकर" । रैकर जग्गाको मालपोत उठाएर जिमिदारले सरकारलाई बुझाउथे र "शिर वा जीरायत" जग्गा "खान्गी" वापत जमिनदार वा मुखियाले आफैले आवाद गरी खान्थे । "शिर वा जीरायत" जग्गाको जति हिस्सा अर्कामा सर्थ्यो त्यति नै जिमिदारी पनि अर्कामा सर्थ्यो । कुनै जिमिदारले "शिर वा जीरायत" जग्गा राखी गुठी स्थापना गरेको अवस्थामा उक्त गुठीले नै जिमिदारको भूमिका निर्वाह गर्थ्यो । भूमी सम्बन्धी ऐन २०२१ को दफा ३ र गुठी संस्थान ऐन २०३३ को दफा २२ ले जिमिदारी र गुठी जिमिदारी उन्मूलन गरेपछि "शिर वा जीरायत" को रुपमा रहेको गुठी जग्गा "गुठी रैतान नम्बरी" जग्गामा परिणत भए ।

यसरी गुठीको बर्गीकरणले नै अलमल र अन्यौल भएको देखिन्छ । अन्य देशहरुमा गुठी सामान्यतः २ किसिमका भएको देखिन्छ । निजी गुठी र राजगुठी रहेक छन् । निजी गुठी सर्वसाधारण नागरिकले स्थापना गरेको गुठीलाई भनियो भने पूर्व राजा र सत्तामा भएका राणाहरुले सरकारी प्रकृतिको जग्गाबाट स्थापना गरेको गुठी राजगुठी भनी व्याख्या गरियो । निजी गुठीको संचालन गुठी स्थापना गर्ने गुठीयार वा निजको

प्रतिनिधीले गुठी स्थापनाको लिखत अनुसार गर्छन भने राजगुठीको संचालन गुठी संस्थानले गर्ने गराउने गर्छ ।

यस बाहेक छुट गुठी तथा अमानत गुठीका नाम पनि रहेको पाइयो । गुठीको यी प्रकारलाई राज गुठीअन्तर्गत राखेको पाइन्छ तर यसको प्रकृति हेर्दा यो राजगुठीकै एक शाखा रुपमा रहेको पाइन्छ । स्वामित्व भोग तिरो आयस्ता आदिको आधारमा गुठीको जग्गालाई विभिन्न प्रकारमा बाड्न सकिन्छ । जस अनुसार निजी गुठीको जग्गा एकै प्रकृतिमा पर्छन ।

*संविधानमा गुठीसम्वन्धी व्यवस्था*

नेपालको संविधान २०७२ को भाग ३१ को विविध शीर्षकअन्तरगत धारा २९० मा गुठीसम्वन्धी व्यवस्था गरिएको छ । यस धारामा गुठीको मूलभूत मान्यतालाई असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवम् गुठीको अधिकारका सम्वन्धमा संघीय संसदले आवश्यक कानून बनाउनेछ भन्ने उल्लेख छ ।

यस्तै उक्त धारा २९० को उपघारा (२) मा गुठीसम्वन्धी अन्य व्यावस्था संघीय कानूनअनुसार हुनेछ भन्ने प्रावधान रहेको छ । यस्तै संविधानको  अनुसूचि –६ अन्तरगत प्रदेशको अधिकार सूचिअन्तरगत गुठी व्यावस्थापनको क्षेत्राधिकार प्रदेशको हुने प्रावधान रहेको छ ।

*गुठी ऐन २०३३ मा भएका व्यवस्था*

भूमी सम्बन्धी ऐन २०२१ को दफा ३ र गुठी संस्थान ऐन २०३३ को दफा २२ ले जिमिदारी र गुठी जिमिदारी उन्मूलन गरेपछि “शिर वा जीरायत” को रुपमा रहेको गुठी जग्गा “गुठी रैतान नम्बरी” जग्गामा परिणत भएको देखिन्छ । दफा १४(घ) अनुसार, सामाजिक कल्याणकारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ । विद्यालय, महाविद्यालय, विश्वविद्यालय जस्ता सर्वसाधारणको लागि उपयोगी हुने शैक्षिक तथा प्राज्ञिक संस्थाहरू स्थापना गरी सञ्चालन गर्न पाउने व्यावस्था रहेको छ ।

गुठी स्थापना गर्न निवेदन पर्न आएमा पञ्जिकाधिकारीले गुठीको उद्देश्य र गुठी स्थापना गर्न प्रस्ताव गरिएको सम्पत्तिको विवरण सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा गुठी दर्ता गर्न मनासिब देखिएमा त्यसरी निवेदन परेको पैंतीस दिनभित्र गुठी दर्ता गरी गुठी दर्ताको प्रमाणपत्र दिनु पर्ने व्यावस्था गरिएको  छ ।

*मुलुकी देवानी संहिता, २०७४ मा गुठी सम्बन्धी व्यवस्था*

मुलुकी देवानी संहिता, २०७४को परिच्छेद-६ मा गुठी सम्बन्धी व्यवस्था गरिएको छ । दफा ३१४ अनुसार : कसैले आफ्नो हक, भोग र स्वामित्वको सम्पत्ति हितग्राहीको लागि अरु कसैबाट सञ्चालन र व्यवस्थापन गर्ने गरी आवश्यक बन्दोबस्त गरेकोमा गुठी स्थापना भएको मानिनेछ ।

यसैगरी, दफा ३१५. गुठी सार्वजनिक वा निजी हुन सक्ने (१) गुठी सार्वजनिक वा निजी हुन सक्नेछ । देहायको उद्देश्य पूरा गर्नको लागि राखिएको गुठी सार्वजनिक गुठी मानिनेछ । कुनै खास व्यक्ति वा समूह विशेषलाई हित, लाभ वा सुविधा पुऱ्याउने उद्देश्यले राखिएको गुठी निजी गुठी मानिनेछ । यसैगरी, उपदफा (४) मा सार्वजनिक र निजी दुवै उद्देश्य पूरा गर्नको लागि कुनै गुठी स्थापना भएकोमा त्यस्तो गुठी सार्वजनिक गुठी मानिने उललेख छ ।

विदेशी व्यक्तिले गुठी स्थापना गर्न चाहेमा

दिवानी संहिताले पहिलो पटक विदेशी व्यक्तिले गुठी स्थापना गर्न चाहेमा सकिने प्रावधान गरिएको छ । दफा ३१६. को उपदफा (४) कुनै विदेशी व्यक्तिले गुठी स्थापना गर्न चाहेमा प्रकृया पूरा गरी निवेदन दिनु पर्नेछ । त्यसरी स्थापना गर्ने गुठीमा विदेशी व्यक्ति संस्थापक हुन सक्ने व्यावस्था गरिएको छ । यसरी, स्थापना भएको गुठीको सञ्चालकमध्ये कम्तीमा एक तिहाई सञ्चालक नेपालमा स्थायी बसोबास गरेको नेपाली नागरिक हुनु पर्नेछ उल्लेख गरिएको छ ।

कानूनसम्मत भएमा कार्यान्वयन गर्न सम्भव हुने भएमा, गुठी संस्थापना गर्न सम्पत्ति हस्तान्तरण गर्नु पर्ने व्यावस्था रहेको छ । गुठी संस्थापकले आफूले गुठीको लागि छुट्याएको सम्पत्ति गुठी स्थापना भएको तीन महिनाभित्र गुठी सञ्चालकलाई हस्तान्तरण गर्नु पर्नेछ ।

नेपाल ट्रष्ट ऐन २०६४

राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको देहावसान हुँदाका बखत निजहरुको नाममा रहेको सम्पत्ति ट्रष्ट अन्तर्गत ल्याउने भनी नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरेको सम्पत्ति एवम् नेपाल सरकारले राष्ट्रियकरण गरी छुट्टै व्यवस्था गरेकोमा बाहेक ट्रष्टमा देहायको सम्पत्ति रहनेछ ।

नेपाल ट्रष्ट ऐन २०६४ को दफा ४मा अनुसार, राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारलाई प्राप्त हुन सक्ने र नेपाल सरकार, विदेशी सरकार वा कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाबाट प्राप्त सम्पत्ति भनी उल्लेख गरिएको छ ।

गुठी जग्गाको हक स्वमित्व र हस्तान्तरण सम्वन्धी अन्यौल

दिवानी संहिता २०७४को दफा ३३४ बमोजिम गुठी सम्पत्तिको संरक्षण बारे व्यावस्था गरिएको छ । गुठीको सम्पत्ति संरक्षण वा सम्भार गर्दा गुठी सञ्चालकले आफ्नै सम्पत्ति सरह उचित र मनासिब हेरविचार तथा गुठी सम्पत्तिको अभिवृद्दि हुने काम गर्नु पर्नेछ । हितग्राहीको हित प्रतिकूल वा गुठीको उद्देश्य विपरीत हुने गरी गुठीको विनाश गर्ने, अन्त्य गर्ने वा अन्य कुनै किसिमले नोक्सानी गर्ने काम हुन दिनबाट रोक्ने दायित्व गुठी सञ्चालकको हुनेछ ।

(२) गुठीको सम्पत्ति उपयुक्त ढंगबाट व्यवस्थापन नभएमा, ठगी वा जालसाजी भएमा, हिनामिना भएमा वा गुठीको उद्देश्य पूरा नगरी गुठी सम्पत्तिको अन्यत्र उपयोग भएमा कुनै संस्थापक वा हितग्राहीले संस्थापनापत्रमा उल्लिखित व्यवस्थाको अधीनमा रही गुठी सम्पत्ति त्यसरी हिनामिना हुनबाट रोक्न अदालतमा उजुरी गर्न सक्नेछ ।

तर सार्वजनिक गुठीको हकमा जोसुकैले पनि उजुरी गर्न सक्नेछ ।

उजुरी बमोजिम गुठी सम्पत्ति व्यवस्थापन नभएको, ठगी, जालसाज वा हिनामिना भएको वा अन्यत्र उपयोग भएको ठहर भएमा अदालतले हिनामिना गर्नेबाट बिगो असुल उपर गर्नेछ र गुठी सञ्चालकले त्यसरी हिनामिना गरेको रहेछ भने निजबाट त्यस वापत क्षतिपूर्ति समेत भराउन सक्नेछ । गुठी सञ्चालकले गुठीको सम्पत्ति हितग्राहीको हित प्रतिकूल हुने गरी आफ्नो वा अरू कसैको लागि भोगचलन वा प्रयोग गर्न हुँदैन । *दिवानी संहिता २०७४ दफा* ३३५.

हितग्राहीको हित प्रतिकूल वा गुठीको उद्देश्य विपरीत हुने गरी गुठीको विनाश गर्ने, अन्त्य गर्ने वा अन्य कुनै किसिमले नोक्सानी गर्ने काम हुन दिनबाट रोक्ने दायित्व गुठी सञ्चालकको हुनेछ । *दिवानी संहिता २०७४ दफा* ३३६

गुठीको सम्पत्ति उपयुक्त ढंगबाट व्यवस्थापन नभएमा, ठगी वा जालसाजी भएमा, हिनामिना भएमा वा गुठीको उद्देश्य पूरा नगरी गुठी सम्पत्तिको अन्यत्र उपयोग भएमा कुनै संस्थापक वा हितग्राहीले संस्थापनापत्रमा उल्लिखित व्यवस्थाको अधीनमा रही गुठी सम्पत्ति त्यसरी हिनामिना हुनबाट रोक्न अदालतमा उजुरी गर्न सक्नेछ ।

"धर्मलोप" वा "धर्मनष्ट" को कसूरसम्वन्धी व्यावस्था

समाज सेवा, धार्मिक मठ मन्दिर, कृति स्थापना, संस्कृतिको जगेर्ना आदि विभिन्न उद्देश्यले स्थापना गरिएको, राखिएको धनराशी, घर, जग्गा जमिन, मठ मन्दिर, पाठशाला, आश्रम आदिलाई, जसको संचालन हो सोही सम्पत्तिको आयस्थाले गर्नुपर्ने हुन्छ ।

गुठी स्थापना गर्ने व्यक्ति र यसका संचालक वा मठाधिष आदिलाई गुठीयार भनिन्छ । गुठीको उद्देश्य विपरित गुठी मासेमा "धर्मलोप" को कसूर गरेको मानिन्छ । दिवानी संहिता २०७४ले यस प्रकार व्यावस्था गरेको छ । दफा ३३५ अनुसार, हितग्राहीको हित प्रतिकूल हुने गरी गुठी सम्पत्तिको भोगचलन गर्न नहुनेः गुठी सञ्चालकले गुठीको सम्पत्ति हितग्राहीको हित प्रतिकूल हुने गरी आफ्नो वा अरू कसैको लागि भोगचलन वा प्रयोग गर्न हुँदैन । यस्तै उक्त ऐनको दफा ३३६ मा. गुठी सम्पत्ति नोक्सानी हुनबाट रोक्नु पर्नेः व्यावस्था रहेको छ । हितग्राहीको हित प्रतिकूल वा गुठीको उद्देश्य विपरीत हुने गरी गुठीको विनाश गर्ने, अन्त्य गर्ने वा अन्य कुनै किसिमले नोक्सानी गर्ने काम हुन दिनबाट रोक्ने दायित्व गुठी सञ्चालकको हुनेछ । गुठीको सम्पत्ति उपयुक्त ढंगबाट व्यवस्थापन नभएमा, ठगी वा जालसाजी भएमा, हिनामिना भएमा वा गुठीको उद्देश्य पूरा नगरी गुठी सम्पत्तिको अन्यत्र उपयोग भएमा कुनै संस्थापक वा हितग्राहीले संस्थापनापत्रमा उल्लिखित व्यवस्थाको अधीनमा रही गुठी सम्पत्ति त्यसरी हिनामिना हुनबाट रोक्न अदालतमा उजुरी गर्न सक्नेछ । तर सार्वजनिक गुठीको हकमा जोसुकैले पनि उजुरी गर्न सक्नेछ ।

यसैगरी, दफा (३)को उपदफा (२) बमोजिम परेको उजुरी बमोजिम गुठी सम्पत्ति व्यवस्थापन नभएको, ठगी, जालसाज वा हिनामिना भएको वा अन्यत्र उपयोग भएको ठहर भएमा अदालतले हिनामिना गर्नेबाट बिगो असुल उपर गर्नेछ र गुठी सञ्चालकले त्यसरी हिनामिना गरेको रहेछ भने निजबाट त्यस वापत क्षतिपूर्ति समेत भराउन सक्नेछ ।

*सर्वोच्च अदालतले गरेका फैसलाहरु*

अधिवक्ता रामप्रसाद भण्डारी संभवले लेख्नुभएको गुठीसम्वन्धी केही नजीरहरुको समेत संगालो नामको पुस्तकमा २०६० सालसम्म सर्वोच्च अदालतले गरेका फैसलाहरु संकलन गरिएको छ । उक्त पुस्तकमा ३२३ वटा नजीरहरु समावेश गरिएको छ । यी संकलित फैसलाहरु मध्ये केही महत्वपूर्ण यहाँ समावेश गरिएको छ ।

*गुठीको जग्गा निजी नम्बरी हुने सम्वन्धी फैसलाहरु*

नथुनी दास वैरागी वि.नथुनी बैठा धोवी (ने.का.प.२०१७ अंक १ पृ.२३ नि.नं.९५ निर्णय मिति २०१७/२/१२) भएको एउटा मुद्दामा सम्मानित सर्वोच्च अदालतको डिभिजन बेञ्चको फैसलाले गुठीकै कार्यको लागि गुठी जग्गा बिक्री गरी अर्को जग्गा खरिद गर्न मिल्ने फैसला गरे पश्चात एक ठाउँको गुठी जग्गा रैकर सरह बिक्री गरी अर्को ठाउँमा जग्गा किनी गुठीमा राखी दिने प्रचलन बढ्यो ।

त्यस्तै २०२४ सालमा सर्वोच्च अदालतको अर्को फैसलाले एक ठाउँको गुठी जग्गा दिएर जनकपुरको गुठी जग्गा साटेको व्यवहारलाई मान्यता दिएपछि शहरी क्षेत्रको गुठी जग्गासँग ग्रामिण क्षेत्रको जग्गा सट्टा पट्टा गर्ने प्रचलन बढ्यो । यसपछि २०४१/८/२४ मा भएको पहिलो संसोधनले गुठी संस्थान ऐन २०३३ को दफा २४ र दफा ३६ मा संसोधन गरी “गुठी तैनाथी जग्गा” लाई जो कोहीले वा मोही लागेको त्यस्तो गुठी जग्गालाई मोहीले “रैतान नम्बरी” मा दर्ता गर्न गराउन पाउने व्यवस्था गऱ्यो । जसले गर्दा गुठी जग्गाको व्यापक दुरुपयोग भयो ।

यसपछि २०४१/८/२४ मा भएको पहिलो संसोधनले गुठी संस्थान ऐन २०३३ को दफा २४ र दफा ३६ मा संसोधन गरी “गुठी तैनाथी जग्गा” लाई जो कोहीले वा मोही लागेको त्यस्तो गुठी जग्गालाई मोहीले “रैतान नम्बरी” मा दर्ता गर्न गराउन पाउने व्यवस्था गऱ्यो । यस किसिमको फैसला पछि नै गुठी जग्गालाई निजी बनाउने बदनियत शुरु भएको भनिन्छ ।

गुठीको जग्गा निजी नम्बरी नहुने सम्वन्धी फैसलाहरु

पछिल्लो पटक, गुठीको जग्गासम्वन्धी वेथितीलाई रोक्न तुलसी माया महर्जन विरुद्ध पंचनारायण महर्जनको दर्ता बदर मुद्दा (ने.का.प.२०७२ अंक १२ नि.नं.९५०४ पृ.२०४७) को फैसला महत्वपूर्ण सावित भयो । यो मुद्दामा सम्मानित सर्वोच्च अदालतको ३ सदस्यीय पूर्ण इजलासबाट गुठी जग्गालाई अदालतको फैसलाले समेत रैकरमा परिणत गर्न नमिल्ने र रैकरमा परिणत भएका जग्गा समेत साविक बमोजिम गुठीकै लगतमा दर्ता गर्न मिल्ने भनी एक महत्वपूर्ण फैसला भएको छ ।

यसैगरी, प्रकाश मणि शर्मा विरुद्ध नेपाल सरकार समेत भएको उत्प्रेषण मुद्दा (ने.का.प.२०६४ अंक १० पृ.१२७५ नि.नं.७८८५) मा सर्वोच्च अदालतको विशेष इजलासले गुठी संस्थान ऐन २०३३ को दफा २५(२)(ग) र दफा ३६ को व्यवस्थालाई न्यायीक पुनरावलोकन गरी खारेज गऱ्यो । यो फैसलाले गुठीको जग्गा व्याक्तिको नाममा गर्न नसकिने कानूनी व्याख्या गरे पछि गैरजिम्मेवारीपनले समेत गुठी जग्गामा व्यापक अनियमितता रोक्ने प्रयास भएको पाइन्छ ।

२०४० को दशकमा सरकारको सकृय गैरजिम्मेवारीपनले समेत गुठी जग्गामा व्यापक अनियमितता भयो । यस क्रममा २०४५/६/३० मा मालपोत विभागले निजी गुठीबाट आउने आयस्था भन्दा डेढी आयस्था आउने देखिन्छ भने गुठी जग्गालाई नम्बरी जग्गासंग सट्टा पट्टा गरिदिनु भनी परिपत्र जारी गरी संस्थागत अनियमितता भएको देखिन्छ भने २०४८ सालमा यसलाई सरकारले निर्णय गरी रोकेतापनि २०४९/८/२२ को मन्त्रिपरिषद्को निर्णयले गुठी जग्गाको रजिष्ट्रेशनको प्रयोजनको न्यूनतम मूल्य बैंकमा अक्षयकोष खडा गरेर निजी गुठीलाई रैकरमा परिणत गर्न पाउने व्यवस्था गरेकोले भू-माफियाहरुले मूलतः काठमाण्डौ उपत्यका र जनकपुर क्षेत्रको गुठी जग्गामा धेरै ठूलो खेलो फड्को गर्ने मौका पाए ।

वर्तमान परिवर्तित सन्दर्भमा हाल भएका र विगतमा प्रस्ताव गरिएका संशोधन समेतलाई आधार लिई जग्गा प्रशासनबाट अलग गरी गुठी सम्बन्धी सम्पूर्ण काम कारवाही हेर्ने छाता संगठनको रुपमा यसलाई विस्तार र विकास गरी स्पष्ट नीति, निर्देशन, दिशाबोध र प्रभावकारी कार्यक्रम सञ्चालन गर्न गुठी ऐनलाई चाँडो भन्दा चाँडो समयसापेक्ष परिमार्जित कानूनको रुप दिन अपरिहार्य छ ।

यसरी अव गुठी जग्गा निजी नम्बरीमा परिणत हुन नपाउने भएकोले नेपाल भरी रहेका राजगुठी अन्तर्गतका ७१७ मंदिर, ६४७ पाटीपौवा र १५९ पोखरी एवं पशुपति क्षेत्र भित्रका १५३ वटा गुठी र हजारौको संख्यामा रहेका निजी गुठीहरु र यस अन्तर्गतका जग्गाहरु सुरक्षित र संरक्षित हुने अवस्था आएको छ । यसैगरी, वि.सं. २०६४ माघ १० गते सर्वोच्च अदालतले गुठीको जग्गा व्याक्तिको नाममा गर्ने कानून संविधानसँग बाझिएको भन्दै खारेज गरिदिएको थियो । यस फैसलाले कुनै पनि शर्तमा गुठीको जग्गा व्याक्तिको गर्न पाइदैन भन्दै फैसला गरेको थियो ।

दिवानी संहिता, २०७४ को दफा ३३४ मा गुठी सम्पत्तिको संरक्षणसम्वन्धी व्यावस्था गरिएको छ । गुठी सञ्चालकले गुठीको सम्पत्ति सम्भार तथा संरक्षण गर्नु पर्नेछ र त्यस्तो प्रयोजनको लागि कुनै किसिमको कानूनी कारबाही गर्नु पर्ने भए वा कुनै सार्वजनिक अधिकारी समक्ष कुनै किसिमको रीत पुऱ्याउनु पर्ने भए त्यस्तो समेत गर्न सक्नेछ ।

*भोग मात्र हक हस्तान्तरण हुने गुठी जग्गाहरु*

मुद्दामा सम्मानित सर्वोच्च अदालतको ३ सदस्यीय पूर्ण इजलासबाट गुठी जग्गालाई अदालतको फैसलाले समेत रैकरमा परिणत गर्न नमिल्ने र रैकरमा परिणत भएका जग्गा समेत साविक बमोजिम गुठीकै लगतमा दर्ता गर्न मिल्ने भनी एक महत्वपूर्ण फैसला भएको छ ।

२०४० को दशकमा सरकारको सकृय गैरजिम्मेवारीपनले समेत गुठी जग्गामा व्यापक अनियमितता भयो । यस क्रममा २०४५/६/३० मा मालपोत विभागले निजी गुठीबाट आउने आयस्था भन्दा डेढी आयस्था आउने देखिन्छ भने गुठी जग्गालाई नम्बरी जग्गासंग सट्टा पट्टा गरिदिनु भनी परिपत्र जारी गरी संस्थागत अनियमितता भएको देखिन्छ । २०४८ सालमा यसलाई सरकारले निर्णय गरी रोके तापनि २०४९/८/२२ को मन्त्रिपरिषद्को निर्णयले गुठी जग्गाको रजिष्ट्रेशनको प्रयोजनको न्यूनतम मूल्य बैंकमा अक्षयकोष खडा गरेर निजी गुठीलाई रैकरमा परिणत गर्न पाउने व्यवस्था गरेकोले भू-माफियाहरुले मूलतः काठमाण्डौ उपत्यका र जनकपुर क्षेत्रको गुठी जग्गामा धेरै ठूलो अनियमितता गर्ने मौका पाए ।

**अध्ययनको सार**

गुठीका जग्गालाई पाँच किसिममा परिभाषित गरिएको छ । तैपनि यो परिभाषा आफैमा स्पष्ट छैन । संसारमा गुठीका जग्गा २ किसिमका मात्र हुने गर्दछन् । तर हाम्रोमा जग्गाको वास्तविक स्वमित्वलाई अलमलमा पार्ने गरी बर्गीकरण गरिएको छ । परिणाम स्वरुप माफियाहरुले खेलवाड गर्ने ‘स्पेस’ बनेको छ भने अर्को तर्फ जोताहालाई बुझ्नै जटिल । त्यसैले, राज्य गुठीको मर्म झै लोककल्याणकारी हुन सकेको छैन ।

कहाँ कसले कति जमिन, देवस्थल वा गुठीको भवन ओगटेको वा मिचेको छ भन्ने जानकारीसमेत गुठी संस्थानलाई छैन । त्यसैगरी कुन जमिनको कुत कति आउछ, त्यो कसले उठाइरहेको छ र उठाउने व्यक्तिले कुन हैसियतले उठाउँछ भन्ने बारेमा  पनि संस्थान स्पष्ट छैन । जनशक्ति अभावका कारण लागत राख्न नसकिएकोले अहिले त लोकसेवाका कारण नियूक्ति प्रक्रिया झनै जटिल भएको छ ।

कुन गुठीमा जात्रा-पर्वमा कति छन् ? कति बली दिनुपर्छ र कति खर्च लाग्छ भन्नेबाहेक कति आम्दानी हुन्छ, कति उठ्न बाँकी छ, कति मिचियो र कति सुरक्षित छ तथा त्यसलाई रोक्न कस्ता कदम चालिएका छन् जस्ता प्रश्न जनमासमा उठ्ने गरेको छ । जसको जवाफ गुठी संस्थानसँग छैन । कुत तिर्न चासो देखाउनेको संख्या एकदम नै थोरै छ । जमीनको चक्लाबन्दी वा हक हस्तान्तरण गर्नु परेमा मात्र तिर्न आउने गर्छन् ।

गुठी प्रशासनको निरिहताका कारण  किसानलाई परेको मार मात्र होइन, संस्थानले आफ्नो सम्पत्तिको रक्षा गर्न पनि सकेको छैन । अस्पष्ट कानूनी व्यावस्थाका कारण आफ्नो अधिकारअनुसार, कर्तव्य पनि निर्वाह गर्न सकेको छैन । त्यसैले संस्थान दिनानुदिन कमजोर हुदै छ । यसको शिकार भने प्रत्यक्षरुपमा गुठी जमिन कमाउने जोताहा हुन पुगेका छन् । प्राप्त सुचना तथा तथ्याङका आधारमा निष्कर्ष यसप्रकार प्रस्तुत गरिएको छ ।

- गुठीकै कार्यको लागि गुठी जग्गा बिक्री गरी अर्को जग्गा खरिद गर्न मिल्ने फैसला गरेको पाइन्छ । ( नथुनी दास वैरागी वि.नथुनी बैठा धोवी, ने.का.प.२०१७ अंक १ पृ.२३ नि.नं.९५)
- एक ठाउँको गुठी जग्गा रैकर सरह बिक्री गरी अर्को ठाउँमा जग्गा किनी गुठीमा राखी दिने प्रचलन बढेको ।
- २०२४ सालमा गुठी जग्गा दिएर जनकपुरको गुठी जग्गा साटेको व्यवहारलाई मान्यता दिए पछि शहरी क्षेत्रको गुठी जग्गासँग ग्रामिण क्षेत्रको जग्गा सट्टा पट्टा गर्ने प्रचलन बढेको थियो ।
- कुनै पनि शर्तमा गुठीको जग्गा व्याक्तिको गर्न पाइदैन भन्दै फैसला गरेको थियो । (वि.सं. २०६४ माघ १० गते सर्वोच्च अदालतको आदेश, ने.का. प.२०६५, अंक २ पृ.१२३ नि.नं.१३५ )
- गुठीको सम्पत्ति हितग्राहीको हित प्रतिकूल हुने गरी आफ्नो वा अरू कसैको लागि भोगचलन वा प्रयोग गर्न हुँदैन । (दिवानी संहिता, २०७४ दफा ३३५)

**सुझावहरु**

ऐतिहासिक सन्दर्भ हेर्दा पनि जमीन नागरिकको नभई राज्यकै स्वामित्वमा भएको पाइन्छ । तर अहिले यो राज्य तथा नागरिकको नभई माफियाको नियन्त्रणमा पुगेको  छ । विश्वसम्पदा सूचीमा रहेका सांस्कृतिक धरोहरले हाम्रो अन्तराष्ट्रिय पहिचान बनाएका छन् । पर्यटकीय महत्व बोकेका राष्ट्रिय मठ, मन्दिर एवम् जात्रा, यात्रा, पर्व, नाच-गान, भजनले नै नेपालको मौलिक चिनारी झल्काउने हुन् । गुठी कुनै पनि जाति, समाज र सिङ्गो राष्ट्रको स्वतन्त्र निधि हुन् । यसले अस्तित्वको पहिचान गराउँदछ । यी धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक सम्पदा नै हुन् । यिनै सम्पदा राष्ट्रको गौरव हुन् । राष्ट्रिय पर्यटन व्यवसायको आधार

स्तम्भ हुन् । यिनीलाई जिवन्त बनाउन सकिएन भने हाम्रो संस्कृति लोप हुनेछ । संस्कृति एक पटक लोप हुन पुग्यो भने यसको पुनःप्राप्ति असम्भव छ ।

गुठी प्रशासनको निरिहताका कारण किसानलाई परेको मार मात्र होइन, संस्थानले आफ्नो सम्पत्तिको रक्षा गर्न पनि सकेको छैन । आफ्नो अधिकारअनुसार, कर्तव्य पनि निर्वाह गर्न सकेको छैन । त्यसैले, संस्थान दिनानुदिन कमजोर हुँदै जाँदो छ । यसको शिकार भने प्रत्यक्षरुपमा गुठी संस्थान आफै भएको छ । जमिन कमाउने जोताहा सधैं पिडित नै छन् ।

वर्तमान परिवर्तित सन्दर्भमा हाल भएका र विगतमा प्रस्ताव गरिएका संशोधन समेतलाई आधार लिई जग्गा प्रशासनबाट अलग गरी गुठी सम्बन्धी सम्पूर्ण काम कारवाही हेर्ने छाता संगठनको रुपमा सातै प्रदेशमा विस्तार गर्नु जरुरी छ । स्पष्ट नीति, निर्देशन र मार्गदर्शनको विकास गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्नु पर्दछ । गुठीको मर्म एवम् नागरिकको मागअनुसार अब शिक्षा र स्वस्थ्य सेवामा पनि केन्द्रित गर्नु पर्दछ । यति ठूलो सम्पत्तिलाई ‘गोप्यधन’ मात्र नभई यसको संरक्षण गर्दै धेरै सेवाग्राही समक्ष पुग्ने गरी ऐनलाई समयसापेक्ष बनाउँदै परिमार्जन गर्न जरुरी छ ।

- गुठी रैतान नम्बरी जग्गालाई सरकारको साटो गुठी संस्थानले जग्गाको मालपोत उठाउन पाउने । यसमा जोतहाको हक रैकर जग्गाको जग्गाधनी सरह हुन्छ र उसले जग्गा खरिद बिक्री गर्न पाउने ।
- गुठी नम्बरी जग्गालाई गुठी संस्थानले दर्तावाल जग्गाधनीको हैसियतले सरकारलाई मालपोत (कर) बुझाउनु पर्ने ।
- गुठीको स्थायी मोही हुनसक्छ तर उसले आफ्नो घर बाहेकको जग्गा खरिद बिक्रीगर्न पाउनु हुदैन ।
- गुठी अधिनस्थ जग्गालाई गुठी संस्थानको नाममा दर्ता नभई सर्वसाधारणको नाउँमा दर्ता भए यस्तो जग्गा खरिद बिक्री गर्न पाइन्छ र पोत सरकारलाई बुझाउनु पर्छ ।
- स्पष्ट नीति, निर्देशन र मार्गदर्शनको विकास गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।
- जग्गा प्रशासनबाट अलग गरी गुठी सम्बन्धी सम्पूर्ण काम कारवाही हेर्ने छाता संगठनको रुपमा सातै प्रदेशमा विस्तार गर्नु जरुरी छ ।

## सन्दर्भ सामग्री

गुठीसम्वन्धी केही नजीरहरुको समेत संगालो, अधिवक्ता रामप्रसाद भण्डारी संभवना २०६०, काठमाडौं

सम्पत्ति कानून, ज्ञानेइन्द्र श्रेष्ठ २०७३, काठमाण्डौं

Law of Trasfer of Perporty, Vepa P. Sarathi. 4th edition, ALT publication, 2005

नेपालको संविधान २०७२

गुठी संस्थान ऐन २०३३

कानून व्याख्या सम्बन्धी ऐन, २०१० (Interpretation of Laws Act, 2010)

जग्गा नापिजाँच ऐन, २०१९ ( Land Measurement Act 2019)

मलुकी ऐन, २०२० (Muluki Ain 2020)

भूमी सम्बन्धी ऐन, २०२१ ( Land Relating Act 2021)

प्रमाण ऐन, २०३१ (Evidence Act, 2031 B. S.)

जग्गा प्राप्ति ऐन, २०३४ (Land Acquisition Act 2034)

दिवानी संहिता, २०७४

होमल्याण्ड म्यागेजिन वर्ष १०, अंक ५, २०७५, सनद देवकोटा, गुठीको जग्गा निजी नम्बरी हुने नहुने कानूनी पृष्ठभूमि

न्यायदुत, पूणाङ्क २१६, २०७५

ने.का.प.२०७२ अंक १२ नि.नं.९५०४ पृ.२०४७